**प्रशासन** मंसिर २०८२, वर्ष ५७, अङ्क २, पूर्णाङ्क १४२, ७६-९३
©२०८० सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
https://doi.org/10.3126/prashasan. v57i2.91211
www.mofaga.gov.np/prashasanjournal
ISSN: 2565-5043 Print / ISSN: 2822-1974 Online

# नेपालमा बजेट तर्जुमाः कानुनी व्यवस्था, समस्या र समाधानका उपायहरू

**हरि प्रसाद उपाध्याय*****

## लेखसार

नेपालमा बजेट तर्जुमा तथा कार्यान्वयनका लागि नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली सम्बन्धी स्पष्ट व्यवस्था गरिएको छ। बजेट तर्जुमा प्रक्रियालाई व्यवस्थित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, प्रदेश आर्थिक कार्यविधि ऐन एवं सङ्घीय तथा स्थानीय तहका बजेट तर्जुमा दिग्दर्शनहरू कार्यान्वयनमा रहेका छन्। बजेट तर्जुमाका क्रममा कानुनी व्यवस्थाहरूको प्रभावकारी पालना हुन नसक्नु र आयोजना छनोटमा जनप्रतिनिधि एवं सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता नजुट्नुले आयोजनाको स्वामित्व र कार्यान्वयनमा जटिलता देखिएको छ। आयोजना छनोट, प्राथमिकीकरण, तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन 'आयोजना व्यवस्थापन ऐन' तर्जुमा गरी लागू गर्नु आवश्यक देखिन्छ। प्रस्तुत लेखमा बजेट तर्जुमासँग सम्बन्धित कानुनी व्यवस्थाहरू, विद्यमान समस्याहरू र समाधानका उपायहरूलाई विश्लेषण गरिएको छ।

***शब्दकुञ्जीः*** बजेट तर्जुमा, आयोजना छनोट, बजेट तथा कार्यक्रम।

---

****** *प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय, बागमती प्रदेश*
*इमेलः hpurimal@hotmail.com*

## पृष्ठभूमि

बजेटलाई कुनै खास आर्थिक वर्षका लागि सरकारको आम्दानी र खर्चको विवरणसहित घोषणा गरिने कार्यक्रमका रूपमा लिइन्छ। बजेट सामाजिक-आर्थिक परिवर्तन एवं व्यवस्थापकीय नियन्त्रणको एक महत्त्वपूर्ण साधन समेत हो। सञ्चित कोष तथा अन्य सरकारी कोषबाट वार्षिक बजेटअनुरूप मात्र रकम उपयोग गर्न सकिने भएकाले बजेटको संवैधानिक महत्त्व रहेको हुन्छ। यो सरकारको वित्त नीति घोषणा र कार्यान्वयन गर्ने मुख्य माध्यम पनि हो।

बजेटलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ; जस्तैः सन्तुलित बजेट, घाटा बजेट र बचत बजेट। त्यस्तै, यसलाई चालु, पुँजीगत र वित्तीय व्यवस्था गरी तीन भागमा वर्गीकरण गरिन्छ (बस्नेत, २०७९)। नेपालको संविधानले तीनवटै तहका लागि छुट्टाछुट्टै आर्थिक कार्यप्रणालीको व्यवस्था गरेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बजेट तर्जुमासम्बन्धी विभिन्न व्यवस्थाहरू रहेका छन्। प्रदेश तहमा पनि प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन तथा नियमावलीहरू कार्यान्वयनमा छन्। यसका अतिरिक्त, बजेट तर्जुमा दिग्दर्शन, २०७५ र स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७८ समेत प्रचलनमा रहेका छन्।

यी संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार बजेट तर्जुमा गरी संघ, प्रदेश र स्थानीय तहका सभाहरूमा पेस भइसकेपछि छलफलका क्रममा सदस्यहरूको गम्भीर असन्तुष्टि रहने गरेको पाइन्छ। तथापि, बहुमतप्राप्त दलको सरकार हुने भएकाले बजेट बहुमतबाटै पारित हुने गरेको छ। बजेट कार्यान्वयनको पक्ष हेर्दा अनुमान गरिएको भन्दा आय र खर्च दुवै न्यून हुने गरेको देखिन्छ। अतः आयोजना छनोटदेखि कार्यक्रम तर्जुमा र कार्यान्वयनसम्म सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता गराई विनियोजन कुशलता र कार्यान्वयन दक्षतामार्फत 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा साकार पार्नु आजको आवश्यकता हो।

## नेपालमा बजेट तर्जुमासम्बन्धी कानुनी व्यवस्थाहरू

### नेपालको संवैधानिक व्यवस्था

नेपालको संविधानको धारा ५९ को उपधारा (१) मा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना

तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ। सोही धाराको उपधारा (३) मा सङ्घ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउनेछन् र प्रदेश तथा स्थानीय तहले बजेट पेस गर्ने समय सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने प्रावधान रहेको छ। सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय तहबीच राजस्वको बाँडफाँट गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने व्यवस्था गरिएको छ।

नेपालको संविधानको भाग १० (धारा ११५ देखि १२५ सम्म) मा सङ्घीय आर्थिक कार्यप्रणाली, भाग १६ (धारा २०३ देखि २१३ सम्म) मा प्रदेश आर्थिक कार्यप्रणाली र भाग १९ (धारा २२८ देखि २३० सम्म) मा स्थानीय आर्थिक कार्यप्रणालीसम्बन्धी व्यवस्था रहेको छ। कर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्ने विषयलाई अर्थ विधेयकका रूपमा सरकारका तर्फबाट मात्र प्रस्तुत गर्न सकिने व्यवस्था छ। सङ्घीय र प्रदेश आर्थिक कार्यप्रणालीमा कानुनबमोजिम बाहेक कर नलगाइने र नउठाइने तथा ऋण नलिइने व्यवस्था छ। साथै, गुठी रकमबाहेक नेपाल सरकारलाई प्राप्त हुने आम्दानीहरू सञ्चित कोषमा जम्मा हुने, सञ्चित कोष वा सरकारी कोषबाट व्यय हुने र सञ्चित कोषमाथि व्ययभार हुने रकमहरूको समेत व्यवस्था गरिएको छ।

नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक वर्षको जेठ १५ गते सङ्घीय संसद्का दुवै सदनको संयुक्त बैठकमा राजस्वको अनुमान, सङ्घीय सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकमहरू र सङ्घीय विनियोजन ऐनबमोजिम व्यय हुने आवश्यक रकमहरू समावेश गरी आय र व्ययको अनुमान (बजेट) पेस गर्ने व्यवस्था छ। सम्बन्धित प्रदेशको प्रदेश सभामा सङ्घीय कानुनले तोकेको अवधिमा राजस्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। विनियोजन ऐनबमोजिम व्यय हुने रकम सम्बन्धित शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राख्नुपर्ने प्रावधान छ।

कुनै आर्थिक वर्षमा विनियोजन ऐनले कुनै सेवाका लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा, वा विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा, वा चालू आर्थिक वर्षमा विनियोजन ऐनले अख्तियारी दिएको रकमभन्दा बढी खर्च हुन गएमा पूरक अनुमान पेस गर्न सकिने व्यवस्था छ। विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षका लागि अनुमान गरिएको व्ययको कुनै अंश पेसकीका रूपमा ऐनबमोजिम खर्च गर्न सकिने प्रावधान छ। प्राकृतिक

कारण, बाह्य आक्रमणको आशङ्का, आन्तरिक विघ्न वा अन्य सङ्कटको अवस्था परी आय र व्ययको विवरण खुलाउन नसकिने भएमा व्ययको विवरण मात्र भएको उधारो खर्च विधेयक पेस गर्न सकिने व्यवस्था छ। आकस्मिक कार्यका लागि खर्च गर्न आकस्मिक कोष रहने व्यवस्था छ। विनियोजित रकम एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गर्ने र आर्थिक कार्यविधिसम्बन्धी व्यवस्था आर्थिक कार्यविधि ऐनमा भएबमोजिम हुने व्यवस्था छ। नेपालको संविधानको अनुसूची ५ मा सङ्घको, अनुसूची ६ मा प्रदेशको, अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा, अनुसूची ८ मा स्थानीय तहको र अनुसूची ९ मा सङ्घ, प्रदेश तथा स्थानीय तहको साझा अधिकारको सूचीको व्यवस्था रहेको छ (नेपालको संविधान, २०७२)।

## अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको चालु खर्च, पुँजीगत खर्च र वित्त व्यवस्थाका लागि आवश्यक पर्ने रकमसमेत छुट्याई अनुमानित विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। तीनवटै तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा १८ मा प्रदेश तथा स्थानीय तहले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा २१ मा नेपाल सरकारको अर्थमन्त्रीले प्रत्येक वर्ष संविधानबमोजिम आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा पेस गर्नुपर्ने, प्रदेश सरकारको अर्थमन्त्रीले प्रत्येक वर्ष असार महिनाको एक गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेस गर्नुपर्ने र गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको दश गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेस गर्नुपर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा २५ मा प्रदेश तथा स्थानीय तहले आर्थिक र वित्तीय नीति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुसरण गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा २७ मा नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले सञ्चित कोषमाथि व्ययभार हुने रकमबाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो बजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४)।

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६ मा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाका साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रतिइकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफलसमेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गरी प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यमकालीन खर्च संरचनाको खाका राष्ट्रिय योजना आयोगले तयार गर्नुपर्ने व्यवस्था रहेको छ।

सोही ऐनको दफा ७ मा राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालयको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था छ। यस प्रयोजनका लागि योजना आयोगको उपाध्यक्षको संयोजकत्वमा एक राष्ट्रिय स्रोत अनुमान समिति रहने व्यवस्था छ। स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाका र राष्ट्रिय गौरवका आयोजनाको बहुवर्षीय स्रोत सुनिश्चितताबमोजिमका आवश्यक रकमहरू समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन प्रत्येक आर्थिक वर्षको फागुन सात गतेभित्र अर्थमन्त्रीसमक्ष पेस गर्नुपर्ने र यसरी प्राप्त विवरणको आधारमा अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउनुपर्ने व्यवस्था रहेको छ।

सम्बन्धित निकायका लेखा उत्तरदायी अधिकृतले प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआईएस) मा आफू र आफ्नो मातहतका कार्यालय वा निकायको आगामी वर्षको नीति तथा कार्यक्रमसहित बजेट प्रस्ताव तयार गरी बजेट सीमा र मार्गदर्शनमा तोकिएको समयभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयले लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको अधिकारीको उपस्थितिमा मन्त्रालयले प्रस्ताव गरेका बजेट तथा कार्यक्रमका अतिरिक्त नगद प्रवाह योजना, राजस्व अनुमानको आधार, राजस्व प्राप्त हुने समय, राजस्व प्रवाहमा पुग्ने योगदान, स्रोतगत, खर्च शीर्षकगत तथा क्रियाकलापगत विषयमा छलफल गर्नुपर्ने व्यवस्था छ।

अर्थ मन्त्रालयले बजेट छलफल तथा प्रस्तावित बजेट र कार्यक्रमको मूल्याङ्कन र विश्लेषणको आधारमा आगामी आर्थिक वर्षको लागि बजेट प्रस्ताव गर्ने व्यवस्था छ। सङ्घ, प्रदेश तथा स्थानीय तहमा नेपाल सरकारले सञ्चालन गर्ने आयोजनाको वर्गीकरण, आयोजनाको कुल लागत, वार्षिक विनियोजन रकमको न्यूनतम सीमा र प्राविधिक पक्षलाई समेत आधारका रूपमा लिई राष्ट्रिय योजना आयोगको सिफारिसमा नेपाल सरकारले गर्ने व्यवस्था छ। राष्ट्रिय योजना आयोगमा राष्ट्रियस्तरको एक आयोजना बैंक (Project Bank) समेत रहने व्यवस्था छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनबमोजिमको योजना छनोट गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, बजेट प्रस्ताव गर्ने, सरकारी सम्पत्तिको संरक्षण र व्यवस्थापन गर्ने/गराउने, बजेट समर्पण गर्ने/गराउने तथा योजना तथा कार्यक्रमको अनुगमन गरी वित्तीय उत्तरदायित्व कायम गर्ने/गराउने कर्तव्य संवैधानिक अङ्ग तथा निकायको हकमा सम्बन्धित संवैधानिक अङ्ग तथा निकायको प्रमुख, मन्त्रालय तथा केन्द्रीय स्तरको सचिवालय एवं आयोगको हकमा सम्बन्धित मन्त्रालयका विभागीय मन्त्री वा राज्यमन्त्रीको हुने व्यवस्था रहेको छ (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६)।

## बामगती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४

प्रतिनिधिमूलक रूपमा बागमती प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। उक्त मध्यमकालीन खर्च संरचनामा प्रस्तावित योजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, प्रत्येक क्रियाकलापको प्रतिइकाइ लागत, सञ्चालनमा लाग्ने अनुमानित समय र त्यसबाट प्राप्त हुने प्रतिफलसमेत खुलाई प्रत्येक योजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ।

सोही ऐनको दफा ६ मा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वानुमान आर्थिक मामिला तथा योजना मन्त्रालयले चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था छ। स्रोत अनुमान गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयले एक स्रोत अनुमान समितिको गठन गर्न सक्ने प्रावधान रहेको छ। यसरी स्रोत

अनुमान भएपछि मध्यमकालीन खर्च संरचनासमेतलाई दृष्टिगत गरी आगामी आर्थिक वर्षका लागि गर्न सकिने खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था छ।

सोही ऐनको दफा ७ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवधिक विकास योजना र त्रिवर्षीय खर्च संरचनाका आधारमा स्रोत तथा खर्चको सीमाको अधीनमा रही आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र मार्गदर्शन एवं ढाँचा निर्माण गरी चालू आर्थिक वर्षको फागुन महिनाको दोस्रो हप्ताभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय र निकायका लागि बजेट सीमा उल्लेख गरी पठाउनुपर्ने व्यवस्था छ।

सोही ऐनको दफा ८ मा साधारण खर्च र वित्तीय व्यवस्थाका लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना हुने स्पष्ट आधारसहित प्रस्तावित रकमको पुष्ट्याइँ गर्ने आवश्यक सूचना विस्तृत रूपमा खुलाउनुपर्ने व्यवस्था छ। नयाँ आयोजनाको हकमा बजेट प्रस्ताव गर्दा सम्भाव्यता अध्ययन गर्न आवश्यक रकम तथा सम्भाव्यता अध्ययनपश्चात् आगामी वर्ष खर्च हुन सक्ने रकम मात्र पुष्ट्याइँसहित प्रस्ताव गर्नुपर्ने हुन्छ। सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागत रूपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा खरिद योजना वा सम्झौताअनुरूप आगामी वर्ष आवश्यक पर्ने रकम मात्र प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारबाट सिर्जित आर्थिक दायित्व तथा प्रतिबद्धता गरिएका कार्यका लागि पर्याप्त रकम छुट्याएर मात्र नयाँ योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्नुपर्ने देखिन्छ।

सोही ऐनको दफा १० मा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको अधीनमा रही निर्धारित ढाँचामा आफू र आफ्ना मातहतका निकायको मध्यमकालीन खर्च संरचनामा आधारित रही कार्यान्वयन गरिने क्रियाकलाप, सोको लागत एवं त्यस्तो लागत बेहोरिने स्रोतसमेत स्पष्ट खुलाई आगामी आर्थिक वर्षको बजेट अनुमानका साथै त्यसपछिका दुई आर्थिक वर्षको खर्च र स्रोतको प्रक्षेपित विवरण एवं नीति तथा कार्यक्रमसहितको बजेट प्रस्ताव तयार गरी निर्धारित समयसीमाभित्रै सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतले आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। उक्त प्रस्तावित बजेट तथा कार्यक्रमउपर सम्बन्धित लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा छलफल गर्नुपर्ने प्रावधान छ।

सोही ऐनको दफा १२ मा मन्त्रालयबाट प्रस्ताव भएका बजेट, कार्यक्रम वा आयोजनालाई प्राथमिकीकरण गरी बजेट मस्यौदालाई अन्तिम रूप दिई विनियोजन विधेयक तयार गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालयको हुने व्यवस्था छ। सोही ऐनको दफा १३ मा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले प्रत्येक वर्ष असार महिनाको १ गते प्रदेश सरकारको आगामी आर्थिक वर्षका लागि राजस्व र व्ययको अनुमान प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा १४ मा प्रदेश सरकारले आय र व्ययको अनुमान तयार गर्नुअघि तत्सम्बन्धमा सम्बन्धित सरोकारवालासँग आवश्यक परामर्श गर्न सक्ने व्यवस्था रहेको छ (प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४)।

## स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिई आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ मा स्थानीय तहका उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा 'स्थानीय राजस्व परामर्श समिति' रहने व्यवस्था छ। सोही ऐनको दफा ६६ मा गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न स्थानीय तहका प्रमुख वा अध्यक्षको संयोजकत्वमा 'स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति' रहने व्यवस्था छ।

सोही ऐनको दफा ६७ मा आयको प्रक्षेपण र वितरणको खाका एवं बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा 'बजेट तथा कार्यक्रम तर्जुमा समिति' रहने व्यवस्था गरिएको छ। सोही ऐनको दफा ७१ मा उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान

कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्नुपर्ने व्यवस्था रहेको छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४)।

## सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १३ मा राष्ट्रिय वा राष्ट्रिय महत्त्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्ने व्यवस्था छ। यसरी आयोजना तर्जुमा गर्दा सङ्घीय संसद्का सदस्यहरूको परामर्शकारी भूमिका रहनेछ। प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्ने र यसरी प्रदेशको आयोजना तर्जुमा गर्दा प्रदेश सभा सदस्यहरूको परामर्शकारी भूमिका रहने प्रावधान छ।

त्यसैगरी, स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने र प्रदेश तथा स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था एवं कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डका आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्ने र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। यस ऐनमा व्यवस्था भएको विषयगत समितिले सङ्घ, प्रदेश वा स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकायहरूबीच आवश्यक समन्वयको व्यवस्था मिलाउने उल्लेख छ (सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७)।

## आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ११ मा मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरण सम्बन्धित केन्द्रीय निकायले मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा प्रविष्ट गर्नुपर्ने व्यवस्था रहेको छ। सोही नियमावलीको नियम १२ मा योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा रहने स्रोत अनुमान समितिको संरचना र नियम १३ मा राष्ट्रिय स्रोत अनुमान समितिको अन्य काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। स्रोत अनुमान समितिले नेपाल सरकार, प्रदेश र स्थानीय तहको खर्च, राजस्व, वैदेशिक सहायता र आन्तरिक ऋण परिचालनको वर्तमान अवस्था एवं बजेट कार्यान्वयनको समीक्षा गरी उपलब्ध हुन सक्ने स्रोतको आकलन गर्ने र आवधिक योजना,

मध्यमकालीन खर्च संरचना तथा सरकारको नीति र कार्यक्रमका आधारमा आगामी तीन आर्थिक वर्षको खर्चको समेत आकलन गर्ने व्यवस्था छ।

सोही नियमावलीको नियम १४ मा केन्द्रीय निकायको कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यको समन्वय गर्न एवं खर्चको मापदण्ड निर्धारण गर्न लेखा उत्तरदायी अधिकृत वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतको अध्यक्षतामा 'बजेट समिति' रहने व्यवस्था छ। उक्त समितिले योजना आयोगबाट प्राप्त बजेट मार्गदर्शनका आधारमा आफ्नो केन्द्रीय निकाय र अन्तर्गतको कार्यालयका लागि मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम तयार गरी योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने गर्दछ।

सोही नियमावलीको नियम १६ मा केन्द्रीय निकायले योजना आयोगबाट बजेट मार्गदर्शन प्राप्त भएपछि सोको अधीनमा रही आफ्नो कार्यालय वा निकायको उद्देश्यअनुरूपको लक्ष्य निर्धारण गरी सोही आधारमा वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय निकायले बजेट मार्गदर्शन प्राप्त भएको सात दिनभित्र सो मार्गदर्शनमा उल्लिखित बजेट सीमाको अधीनमा रही आफ्नो कार्यालयको आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना प्रस्ताव गरी पठाउन अवधि तोकी मार्गदर्शन तथा ढाँचासहित मातहतका कार्यालयलाई लेखी पठाउनुपर्ने हुन्छ।

मार्गदर्शन प्राप्त भएपछि प्रत्येक कार्यालयले आफ्नो कार्यालयको उद्देश्यअनुरूपको लक्ष्य निर्धारण गरी सोही आधारमा तोकिएबमोजिमको ढाँचामा वार्षिक बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचना तर्जुमा गरी तालुक मन्त्रालय वा निकायमा पठाउनुपर्ने प्रावधान छ। तालुक निकायले मातहतका कार्यालयबाट बजेट तथा कार्यक्रम र मध्यमकालीन खर्च संरचनाको खाका प्राप्त भएपछि विश्लेषण तथा जाँच गरी त्यस्तो बजेट र कार्यक्रम स्वीकृत गरी त्रैमासिक विभाजनसहित मन्त्रालयगत बजेट सूचना प्रणालीमार्फत अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम १८ मा सबै केन्द्रीय निकायबाट बजेट तथा कार्यक्रम प्राप्त भएपश्चात् अर्थ मन्त्रालयले आवश्यक छलफल एवं विश्लेषण गरी मुलुकको आर्थिक स्थिति विचार गर्दै सम्बन्धित केन्द्रीय निकाय र योजना आयोगसँग छलफल गरी बजेट विवरणमा आवश्यक थपघट गरी बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिने व्यवस्था रहेको छ (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७)।

## बागमती प्रदेश सरकारको आर्थिक कार्यविधि नियमावली, २०७६

बागमती प्रदेश सरकारको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम १८ मा आर्थिक मामिला तथा योजना मन्त्रीको अध्यक्षतामा रहेको समितिले स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। सोही नियमावलीको नियम १९ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ।

सोही नियमावलीको नियम २० मा प्रत्येक कार्यालयले तालुक निकायको निर्देशन र मन्त्रालयले निर्धारण गरेको बजेट सीमा, बजेट तर्जुमा दिग्दर्शन र परिपत्रको अधीनमा रही आफ्नो उद्देश्यअनुरूपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गरी सोही आधारमा आगामी आर्थिक वर्षका लागि बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम २२ को उपनियम (२) मा मातहत कार्यालयबाट बजेट अनुमान तथा वार्षिक कार्यक्रम प्राप्त भएपछि सोका आधारमा वार्षिक कार्यक्रमसमेत तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने दायित्व सम्बन्धित मन्त्रालयको हुने व्यवस्था छ।

सोही नियमावलीको नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा त्यसबाट हुने प्रतिफलसमेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। जिल्लास्तरीय आयोजना मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेश स्तरीय आयोजना मन्त्रालयले स्वीकृत गर्नुपर्ने प्रावधान छ।

यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नका लागि विस्तृत सर्वेक्षण, ड्रइङ, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। १० लाख रुपैयाँभन्दा कम लागत पर्ने आयोजनाको सम्बन्धमा उपर्युक्त विधि अपनाई आयोजना स्वीकृत गर्न सम्भव नभएमा कामको आवश्यकता, लागत, त्यसबाट हुने उत्पादन वा रोजगारी वृद्धि एवं अन्य आर्थिक-सामाजिक उद्देश्य प्राप्तिको विवरण खुलाई त्यसका आधारमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी बजेटमा समावेश गराई काम गराउन सक्ने व्यवस्था रहेको छ (प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६)।

## बजेट तर्जुमा दिग्दर्शन, २०७५

बजेट तर्जुमा दिग्दर्शन, २०७५ मा बजेट तर्जुमा कार्यमा संलग्न निकायहरूको काम र कर्तव्य उल्लेख छ। जसमा सम्बन्धित कार्यालय वा आयोजनाले बजेट तथा कार्यक्रम तयार गरी पुष्ट्याइँसहित एलएमबिआईएस (LMBIS) प्रणालीमा प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। सम्बन्धित मन्त्रालय वा निकायहरूले विभागहरूबाट प्राप्त भएको कार्यक्रमको विस्तृत रूपमा छलफल गरी टुङ्गो लगाई एलएमबिआईएसमार्फत प्रस्ताव गरिएको बजेट अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ।

विकास आयोजनाहरूको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा त्यसबाट हुने प्रतिफलसमेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने समेत व्यवस्था छ। आगामी आर्थिक वर्षमा गर्नुपर्ने सरकारी कामकाज तथा विकास कार्यक्रमका निमित्त तोकिएबमोजिम बजेट तयार गर्ने/गराउने उत्तरदायित्व अर्थ मन्त्रालयको हुने व्यवस्था छ।

अर्थ मन्त्रालयसँग समन्वय गरी बजेट सीमा निर्धारण गर्ने, बजेट अनुमानमाथि नीतिगत छलफल गर्ने, मन्त्रालयसँग समन्वय गरी मध्यमकालीन खर्च संरचना तयार तथा परिमार्जन गर्ने जिम्मेवारी योजना आयोगको रहेको छ। यसै गरी राजस्व बाँडफाँटका आधार र ढाँचा निर्धारण गर्ने, वित्तीय समानीकरण अनुदान सिफारिस गर्ने, सशर्त अनुदानको आधार तयार गर्ने र आन्तरिक ऋणको सीमा निर्धारण गर्ने जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रहेको छ। नेपाल राष्ट्र बैंकले बजेट तर्जुमा गर्नुपूर्व कुल राष्ट्रिय स्रोत अनुमान तयार गर्न सहयोग गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले आन्तरिक र वैदेशिक ऋण व्यवस्थापनसम्बन्धी कार्य गर्नुपर्ने व्यवस्था छ। विकास आयोजनाको प्राथमिकीकरण गर्न सम्पूर्ण विकास आयोजनाहरूलाई आर्थिक क्षेत्र, कृषि, भूमिसुधार तथा वन क्षेत्र, पूर्वाधार क्षेत्र, सामाजिक क्षेत्र र विविध क्षेत्र गरी छुट्याउने व्यवस्था गरिएको छ (बजेट तर्जुमा दिग्दर्शन, २०७५)।

## स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा स्थानीय तहले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सङ्घ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल विषय, समय र प्रक्रिया; आवधिक योजना र मध्यमकालीन खर्च संरचनाअनुसार प्राथमिकताका विषयहरू; आयोजना

पहिचान, सम्भाव्यता अध्ययन र प्राथमिकता निर्धारण भई आयोजना बैंकमा समावेश भएका आयोजनाहरू; वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रत्यक्ष योगदान पुग्ने कार्यक्रम; सुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालमैत्री स्थानीय शासन र लक्षित वर्गको सशक्तीकरण जस्ता अन्तरसम्बन्धित विषयहरू; अन्तर-स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरू; विषयगत क्षेत्र र भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरू; र दिगो विकास लक्ष्यको स्थानीयकरण तथा लक्ष्य प्राप्तिका लागि स्थानीय तहले गर्नुपर्ने कार्यहरूको प्राथमिकतामा योजना छनोट गर्दा ध्यान दिनुपर्ने विषयहरू उल्लेख गरिएको छ।

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दाः १. बजेटको पूर्वतयारी, २. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण, ३. बस्ती/टोल स्तरबाट योजना छनोट, ४. वडा स्तरीय योजना प्राथमिकता निर्धारण, ५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा, ६. कार्यपालिकाबाट स्वीकृति र ७. सभामा पेस र सभाबाट स्वीकृति गरी ७ चरणहरू रहेका छन् (स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८)।

## बजेट तर्जुमाका समस्याहरू

नेपालको संविधान तथा विभिन्न कानुनहरूमा बजेट तर्जुमासम्बन्धी विविध व्यवस्थाहरू रहेका छन्। यी व्यवस्था हुँदाहुँदै पनि नेपालमा बजेट तर्जुमाका सम्बन्धमा देहायका समस्याहरू रहेका छन्ः

### बजेट तर्जुमासम्बन्धी कानुनहरूको पूर्ण परिपालना

बजेट तर्जुमा गर्दा संविधानमा भएका व्यवस्थाहरूको पूर्ण पालना गरिएतापनि आयोजना तथा कार्यक्रम छनोट र प्राथमिकीकरणमा कानुनी तथा कार्यविधिगत व्यवस्थाहरूको औपचारिक रूपमा मात्र पालना गर्ने गरिएको छ। जस्तैः मध्यमकालीन खर्च संरचना अनिवार्य पेस गर्नुपर्ने दस्तावेज भएकाले औपचारिक रूपमा पेस गर्ने गरिएको भएतापनि यसको उद्देश्यअनुरूप तर्जुमा नगरिनु र यसका आधारमा बजेट विनियोजन नहुनु। आयोजना छनोट सम्बन्धमा स्थानीय तहका आयोजनाहरू मात्र बस्ती वा टोलबाट छनोट भई वडा कार्यालय हुँदै कार्यपालिकामा छलफल हुने व्यवस्था भएतापनि सङ्घ र प्रदेशका आयोजना छनोटमा यस प्रकारको व्यवस्था नगरिनु र स्थानीय तहमा समेत यसको पालना औपचारिकतामा मात्र सीमित रहनु।

**आयोजना/कार्यक्रमहरूको प्रारम्भिक छनोटको स्पष्ट विधिको अभाव**

सङ्घीय सरकार वा प्रदेश सरकार अन्तर्गतका आयोजना वा कार्यक्रमहरू सम्बन्धित कार्यालयले प्रस्ताव गरी तालुक विभाग वा निकायमा पठाउने र तालुक विभाग वा निकायले प्राथमिकीकरण गरी अर्थ मन्त्रालयमा प्रस्ताव गरी पठाउने व्यवस्था छ। स्थानीय तहमा योजना छनोट बस्ती वा टोल स्तरबाट हुने र वडा स्तरबाट योजना प्राथमिकीकरण गर्ने व्यवस्था भएतापनि सङ्घ र प्रदेशमा यस्तो व्यवस्था नरहेको हुँदा विषयगत कार्यालयहरूले प्रस्ताव गर्ने कार्यक्रमहरूको प्रारम्भिक पहिचान र छनोट कसरी हुने भन्ने स्पष्ट विधि र आधार नहुँदा आयोजना वा कार्यक्रम छनोटमा जनप्रतिनिधि र नागरिकको अर्थपूर्ण सहभागिता भएको देखिँदैन।

**विनियोजन असमानता**

राजनीतिक प्रभाव तथा पहुँच भएका व्यक्तिको क्षेत्रमा बढी आयोजनाहरू समावेश हुने र राजनीतिक प्रभाव कम भएका क्षेत्रमा न्यून बजेट तथा कार्यक्रम प्राप्त भई भौगोलिक रूपमा बजेट विनियोजनमा एकरूपता कायम गर्न सकिएको छैन। बजेट तर्जुमाको चरणमा आयोजना/कार्यक्रम छनोट गर्दा भौगोलिक रूपमा विनियोजन समानता कायम गर्न सकिएको देखिँदैन, जसबाट नागरिकको असन्तुष्टि बढ्दो छ।

**साना तथा टुक्रे आयोजना छनोट र न्यून बजेट विनियोजन**

बजेट विनियोजन गर्दा टुक्रे अर्थात् साना-साना आयोजनामा रकम छर्ने प्रवृत्तिले गर्दा यस्ता कार्यक्रम सम्पन्न भए तापनि ठोस उपलब्धि देखिने गरेको छैन। ठूला आयोजनामा समेत लागत अनुमानभन्दा न्यून रकम विनियोजन गर्ने परिपाटीले गर्दा बजेट खर्च भई कार्य सम्पन्न भएको देखिए पनि यथार्थमा हुनुपर्ने कार्य अधुरै रहन्छ। यसबाट उपलब्धिमूलक क्रियाकलापहरू नहुने अवस्था सिर्जना भएको छ।

विशेष गरी ठूला प्रकृतिका ठेक्का सम्झौता भएका बहुवर्षीय आयोजनाहरूमा न्यून बजेट विनियोजन हुँदा निर्माण व्यवसायीले कार्य सम्पन्न गरे पनि समयमा भुक्तानी पाउँदैनन्। यसले गर्दा व्यवसायीले वार्षिक रूपमा विनियोजन भएको बजेटअनुरूप मात्र काम गर्ने हुँदा ठेक्काको अवधि लम्बिने र आयोजनाको लागत बढ्ने गरेको छ। साथै, निर्माण व्यवसायीले सीमाभन्दा बढी ठेक्का 'होल्ड' गर्न नमिल्ने हुनाले प्रतिस्पर्धासमेत कमजोर हुन पुग्छ। सार्वजनिक सम्पत्तिहरू समयमा निर्माण नहुँदा नागरिकले प्राप्त गर्ने

सेवा-सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ। यसै कारण राष्ट्रिय गौरवका र प्राथमिकता प्राप्त आयोजनाहरूको प्रगति न्यून हुने र सम्पन्न हुन लामो समय लाग्ने गरेको देखिन्छ।

## कमजोर खरिद व्यवस्थापन

तयारी पूरा नभएका आयोजनामा बजेट विनियोजन गरी ठेक्का प्रक्रिया अगाडि बढाउने प्रवृत्ति अर्को मुख्य समस्या हो। ठेक्का सम्झौता भइसकेपछि आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन, वन क्षेत्रको स्वीकृति, वातावरणीय अध्ययन प्रतिवेदन (EIA/IEE) लगायतका प्राविधिक कार्यहरू पूरा नहुँदा ठेक्काहरू वर्षौंसम्म जीर्ण बनेर बस्ने गरेका छन्। यस्तो अवस्थामा उक्त आयोजना क्षेत्रमा अन्य थप कार्य गर्नसमेत नमिल्ने हुँदा विकासको गति अवरुद्ध हुन पुग्छ।

## समस्या समाधानका उपायहरू

नेपालमा बजेट तथा कार्यक्रम कार्यान्वयनबाट अपेक्षित उपलब्धि प्राप्त हुन नसक्नुको मुख्य कारण बजेट तर्जुमाकै चरणमा रहेका कमजोरीहरू हुन्। बजेट तर्जुमामा सुधार गरी प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्तिका लागि देहायका उपायहरू अवलम्बन गर्न सकिन्छः

## विद्यमान कानुनी व्यवस्थाको उद्देश्यपरक पालना

बजेट तर्जुमाका सम्बन्धमा संविधानमा भएका व्यवस्थाहरूको पूर्ण पालना गरिए तापनि विभिन्न ऐन, नियमावली र निर्देशिकामा भएका प्रावधानहरूको कार्यान्वयन औपचारिक रूपमा मात्र भएको देखिन्छ। प्रक्रियाहरू पूरा भएको देखिए पनि तिनको उद्देश्यपरक पालना भएको छैन। जस्तैः मध्यमकालीन खर्च संरचना (MTEF) लाई यथार्थपरक र उद्देश्यअनुरूप तयार गरी सोही आधारमा बजेट विनियोजन गरेमा निश्चित आयोजना र कार्यक्रममा मात्र स्रोत केन्द्रित भई अपेक्षित प्रतिफल प्राप्त गर्न सकिन्छ।

## बजेट तर्जुमासम्बन्धी प्रक्रिया स्पष्ट गर्ने

स्थानीय तहमा बस्ती/टोल स्तरबाट योजना छनोट गर्ने व्यवस्था भए पनि प्रदेश र सङ्घीय तहमा यस्तो अभ्यास न्यून छ। सङ्घीय आयोजना छनोटमा सङ्घीय संसद्का सदस्य र प्रदेशमा प्रदेश सभा सदस्यहरूको समन्वयकारी भूमिका रहने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। तसर्थ, प्रदेश वा सङ्घबाट कार्यान्वयन हुने आयोजनामा समेत जनप्रतिनिधि वा नागरिकको सहभागिता सुनिश्चित हुने गरी आयोजना

व्यवस्थापन ऐन तर्जुमा गरी कार्यान्वयन गर्नु उपयुक्त हुन्छ। आयोजना छनोट गर्दा मानव विकास सूचकाङ्क, सार्वजनिक सेवामा नागरिकको पहुँच र न्यूनतम सेवाको मापदण्डलाई प्राथमिकताको आधार बनाउनुपर्दछ।

**आयोजना छनोटमा भौगोलिक समानता**

आयोजना तथा कार्यक्रम छनोट गर्दा भौगोलिक समानता कायम हुने गरी निर्वाचन क्षेत्र र स्थानीय तहलाई आधार मान्नुपर्दछ। अति आवश्यक आयोजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेमा नागरिकका आधारभूत आवश्यकता पूरा भई विकासमा सन्तुलन कायम हुन्छ। आयोजना छनोट गर्दा राष्ट्रिय, प्रादेशिक र स्थानीय मानक प्राप्त गर्ने गरी पछाडि परेका एकाइहरूलाई पहिलो प्राथमिकतामा राख्नुपर्दछ।

**ठूला आयोजना छनोट र पर्याप्त बजेट विनियोजन**

साना आयोजनाबाट लाभान्वित हुने जनसङ्ख्या र प्रभाव न्यून हुने भएकाले यस्ता योजना स्थानीय तहबाटै सम्पादन हुने व्यवस्था मिलाउनुपर्दछ। प्रदेश र सङ्घीय तहले ठूला प्रकृतिका आयोजनाहरू मात्र कार्यान्वयन गर्नु पर्दछ। ठूला आयोजनामा न्यून बजेट विनियोजन गर्दा सम्पन्न हुन लामो समय लाग्ने र लागतसमेत बढ्ने हुँदा तोकिएको समयमै सम्पन्न हुने गरी पर्याप्त बजेट सुनिश्चित गरिनुपर्दछ।

**गौरवका र बहुवर्षीय आयोजनामा प्राथमिकता**

राष्ट्रिय वा प्रादेशिक गौरवका आयोजनामा पर्याप्त बजेट विनियोजन गरेमा समयमै प्रतिफल प्राप्त हुनुका साथै लागत वृद्धि नियन्त्रण हुन्छ। बहुवर्षीय आयोजनाहरूमा पर्याप्त स्रोत सुनिश्चित गर्दा निर्माण व्यवसायीले उत्साहका साथ काम सम्पन्न गर्ने र नागरिकले समयमै सेवा प्राप्त गर्ने वातावरण बन्दछ।

**खरिद व्यवस्थापनमा सुधार**

लामो समयदेखि ठेक्का सम्झौता भएर पनि सम्पन्न हुन नसकेका आयोजनाहरूको कारण पत्ता लगाई समाधान गरिनुपर्दछ। बजेट अभाव भए थप बजेटको व्यवस्था गर्ने, कानुनी अड्चन भए एक पटकका लागि म्याद थप गरी कार्य सम्पन्न गराउने र जग्गा वा वनसम्बन्धी विवाद भए तत्काल समाधान गर्ने

नीति लिनुपर्दछ। यदि यी सबै प्रयास गर्दा पनि कार्य सुरु हुन नसक्ने देखिएमा ठेक्का सम्झौता रद्द गर्ने प्रक्रिया अगाडि बढाउनुपर्दछ।

## निष्कर्ष तथा सुझाव

सार्वजनिक खर्चको उचित व्यवस्थापनका लागि बजेट तर्जुमा प्रक्रियालाई प्रभावकारी बनाउन विद्यमान कानुनी व्यवस्थाको उद्देश्यपरक कार्यान्वयन गरिनुपर्दछ। आयोजना वा कार्यक्रम तर्जुमामा सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न 'आयोजना व्यवस्थापन ऐन' तर्जुमा गरी कार्यान्वयन गर्नु आवश्यक छ। उक्त ऐनमा आयोजना छनोट गर्दा स्थानीय स्तरको आवश्यकता र मागअनुसार सम्बन्धित कार्यान्वयन गर्ने निकायको प्राविधिक, आर्थिक र भौतिक विश्लेषणसहितको अध्ययन प्रतिवेदन तयार गर्ने र सोही आधारमा मात्र आयोजना छनोट गर्ने व्यवस्था हुनुपर्दछ।

छनोट भएका आयोजना कार्यान्वयनका लागि आयोजना स्थलमा जग्गाको व्यवस्थापन, वनको क्षेत्र भए वनको सहमति लगायत वातावरणीय परीक्षणका कार्यहरू (EIA/IEE) समेत सम्पन्न गरेर मात्र बजेट विनियोजन गर्नुपर्दछ। सङ्घ, प्रदेश र स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाको विषय क्षेत्र र रकमको सीमा स्पष्ट गरी आयोजना बैंक (Project Bank) मा समावेश गरेर मात्र आयोजना छनोट गर्नु उपयुक्त हुन्छ। कुनै पनि तहले आफ्नो कार्यक्षेत्रभन्दा बाहिरका आयोजना कार्यान्वयन गर्न नसक्ने गरी कानुनी व्यवस्था गरिनुपर्दछ।

आयोजनाहरू तोकिएको समयमै सम्पन्न हुने गरी पर्याप्त बजेट विनियोजन गर्ने परिपाटी बसाल्नुपर्दछ। साथै, लामो समयदेखि जीर्ण अवस्थामा रहेका ठेक्काहरू सम्पन्न गर्न कानुनी तथा प्राविधिक रूपमा समस्या देखिएमा उपयुक्त आधार र औचित्य हेरी 'सुविस्ता' को आधारमा ठेक्का सम्झौता अन्त्य गर्ने (Terminate) व्यवस्था मिलाउनु पर्दछ।

## सन्दर्भ सामग्री

*अन्तर सरकारी वित्त व्यवस्थापन ऐन*(२०७४), कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं।

*आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन* (२०७६), कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं।

*आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली* (२०७७), कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं।

*नेपालको संविधान*(२०७२), कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं।

*प्रदेश आर्थिक कार्यविधि ऐन*(२०७४), आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश हेटौडा।

*प्रदेश आर्थिक कार्यविध नियमावली* (२०७६), आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश हेटौडा।

*बजेट तर्जुमा दिग्दर्शन* (आठौं संस्क.)(२०७५), अर्थ मन्त्रालय, सिंहदरवार, काठमाडौं, retrieved from https://mof.gov.np/content/539/depending-on-the-budget-define-2075/ on 28 August 2025.

वस्नेत, ललित कुमार (२०७९), *नेपालमा बजेट, प्रशासन अनलाइन बजेट,* retrieved from https://www.prasashan.com/2022/06/20/331242/ on 23 August 2025.

*स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (*२०७८), राष्ट्रिय योजना आयोग, सिंहदरवार, retrieved from https://giwmscdnone.gov.np/media/app/public/56/posts/1684598335_57.pdf on 23 August 2025.

*स्थानीय सरकार सञ्चालन ऐन* (२०७४), कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं।

*संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन* (२०७७), कानून किताव व्यवस्था समिति, ववरमहल, काठमाडौं।